स्थानीय सरकार
बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ९८५५०७२०७२
☎ ९८४९१६२७७२

प.सं.: २०८२।०८३

**कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ करार अवधि थप गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

***(सूचना प्रकाशन मितिः २०८३/०३/०१)***

***ने. सं. ११४६ अनालागा आमै, सोमबार***

नेपाल सरकारबाट जारी भएको "**करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८**" मा भएको व्यवस्था अनुसार करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन र नयाँ करार अवधि थप हुने व्यहोरा जानकारीको लागि अनुरोध छ। सोही सन्दर्भमा, मापदण्डको दफा (८) मा भएको व्यवस्था अनुसार करार अवधि नवीकरण गर्न इच्छुक करार सेवामा कार्यरत कर्मचारीहरुलाई मिति २०८३/०३/०७ भित्र तपसिलको कागजातहरु यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैमा जनकारीको लागि अनुरोध छ। साथै, मापदण्डको दफा (१३) को (ख) मा भएको व्यवस्था अनुसार कार्यसम्पादन मूल्याङ्कनका लागि तोकिएको ढाँचाको फाराम भरि पेश नगरेमा नयाँ अवधिको लागि करार सम्झौता नवीकरण नगरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

तपसिलः

- रीतपूर्वकको निवेदन,
- अनुसूची-१ बमोजिमको ढाँचामा आ.व. २०८२/०८३ को पुसदेखि जेठ मसान्त सम्मको कार्यसम्पादन मूल्याङ्कन फारामको २ (दुई) प्रति,
- वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको हकमा नयाँ अवधिको लागि करार सम्झौताको लागि वडाध्यक्षको सिफारिस,
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको हकमा नयाँ अवधिको लागि करार सम्झौताको लागि सम्वन्धित वडाध्यक्ष र स्वास्थ्य संस्थाको प्रमुखको सिफारिस।

.............................
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत